# नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीः लर्निङ ल्याबमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति

नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली (RDQA) सूचना प्रविधि सञ्जालमा आधारित (Web-based) एक एप्लिकेसन हो । स्वास्थ्य संस्था, कार्यक्रम र शासकीय एकाइलाई स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कको गुणस्तरको स्व-मूल्याङ्कन गर्न सहज पार्नका साथै तथ्याङ्क व्यवस्थापन प्रणालीलाई सबलीकरण गर्न यसको विकास गरिएको हो । तथ्याङ्कको विस्तृत वितरण तथा प्रयोग गर्नु पूर्व त्यसको गुणस्तर वृद्धि गर्न र पद्धति बसाल्नका लागि यसले अवसर प्रदान गर्दछ । यस कार्यक्रममा तथ्याङ्कको सम्परीक्षण (Verification) र प्रणाली लेखाजोखा गरी दुई विषयक्षेत्र (Domains) रहन्छन् । तथ्याङ्क सम्परीक्षण अन्तर्गत नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सूचनालाई प्रमाणीकरण गर्नुका साथै गुणस्तर मापनको यकिन गर्दछ भने अनुगमन तथा मूल्याङ्कन प्रणालीका पाँच क्रियाशील (Functional) क्षेत्रलाई प्रणाली लेखाजोखा क्षेत्र अन्तर्गत मूल्याङ्कन गरिन्छ।

## तथ्याङ्क प्रमाणीकरण

नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीले तथ्याङ्क सम्परीक्षण विषयक्षेत्रद्वारा छनोट गरिएका सूचकहरूको उपयुक्त तथा समयवद्ध मापनका लागि विभिन्न तहका सेवाप्रदायक पक्ष (स्वास्थ्य संस्थाहरू) र राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन प्रणालीले तथ्याङ्क सङ्कलन, एकीकरण तथा रिपोर्टिङ गरेका छन् छैनन् भन्ने ठम्याउन मदत गर्दछ। यसले रिपोर्ट गरिएका नतिजालाई अन्य तथ्याङ्क स्रोतसँग भिडाएर प्रतिपरीक्षण (Crosscheck) समेत गर्दछ। प्रतिपरीक्षण गर्न छनौट गरिएका सूचकका लागि रिपोर्ट गरिएका तथ्याङ्कलाई रेकर्डिङ रजिस्टर/फारामका साथै रजिस्टरलाई ट्याली सिटसँग, रजिस्टरलाई मासिक अनुगमन सिटसँग, ट्यालीलाई मासिक अनुगमन सिटसँग र रजिस्टरलाई सेवाग्राही खोज (Client Tracking) (ऐच्छिक) सँग भिडाएर सम्परीक्षण गरिन्छ।

स्वास्थ्य संस्था स्तरमा नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीले तथ्याङ्क सम्परीक्षण खण्डद्वारा अभिलेखीकरणको पुनरावलोकन, रिपोर्ट गरिएका नतिजाको पुनःगणना र रिपोर्ट गरिएका नतिजालाई अन्य तथ्याङ्क स्रोतसँग प्रतिपरीक्षण गर्न सघाउँछ । सेवाग्राही रजिस्टरबाट छनौट गरिएका तथ्याङ्क, ट्याली सिट, मासिक अनुगमन सीट र मासिक रिपोर्टलाई हातैले पुनःगणना गरिन्छ । प्रतिपरीक्षणको उद्देश्य एकै रिपोर्टिङ अवधिको सुसङ्गति (Consistency) जाँचका लागि प्राथमिक तथ्याङ्क स्रोतलाई द्वितीय स्रोत (सम्परीक्षणका लागि प्रयुक्त सेवाग्राही रजिस्टर/फारामबाहेक) सँग सम्पुष्टि (Validate) गर्नु हो।

## प्रणाली लेखाजोखा

नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीले प्रणाली लेखाजोखा विषयक्षेत्रद्वारा विभिन्न तहका अनुगमन तथा मूल्याङ्कन र स्वास्थ्य संस्था स्तरका तथ्याङ्क व्यवस्थापन एवम् रिपोर्टिङ प्रणालीको ढाँचा र कार्यान्वयनबाट उत्पन्न हुने तथ्याङ्कको गुणस्तरका सवल पक्ष र सम्भावित चुनौतीहरूको पहिचान गर्दछ । तथ्याङ्क सम्परीक्षणले प्रयोगकर्तालाई तथ्याङ्कको गुणस्तरसम्बन्धी समस्याको जानकारी त दिन्छ तर त्यसले समस्याका कारणहरूको ठोस जानकारी भने खासै दिँदैन । तर प्रणाली लेखाजोखा खण्डलाई ती खास मुद्दालाई सम्बोधन गर्ने गरी तयार गरिएको छ, जसले प्रयोगकर्तालाई सुधारात्मक कदम चाल्न सहजता प्रदान गर्छ। प्रणाली लेखाजोखाका पाँच कार्यमूलक क्षेत्र छन्: अनुगमन तथा मूल्याङ्कन संरचना, काम तथा सक्षमता, सूचक परिभाषा र रिपोर्ट गर्ने निर्देशिका, तथ्याङ्क सङ्कलन तथा रिपोर्ट गर्ने फाराम र औजार, तथ्याङ्क व्यवस्थापन प्रक्रिया र निर्णय कार्यमा तथ्याङ्कको उपयोग।

नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली औजारलाई सुरुमा संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (USAID) ले एड्स, मलेरिया र क्षयरोग नियन्त्रणको विश्वव्यापी प्रयासको एक हिस्साका रूपमा माइक्रोसफ्ट एक्सलमा मूल्याङ्कन मापनका लागि विकास गरेको थियो ।[1] स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यसलाई स्थानीय सन्दर्भ अनुकूल ढाँचा प्रदान गऱ्यो । अन्तर्राष्ट्रिय विकास विभाग/नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम (DFID-NHSSP) र जिआइजेड (GIZ) को सहयोगमा सन् २०१८ मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट यो सूचना प्रविधि सञ्जालमा आधारित (web-based) नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली औजार विकसित गरी यसलाई स्थानीय, प्रदेशस्तरीय र सङ्घीय सरकारी संरचना अनुकूल बनाइयो । यसको कार्यान्वयन निर्देशिका, निर्देशन पुस्तिका तथा शिक्षा-पुस्तिका (Manual and Tutorials)

[1] MEASURE Evaluation, October 2015, User Manual - Routine Data Quality Assessment Tool, MEASURE Evaluation

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वेबसाइटमा उपलब्ध छ।[2]


अन्तर्राष्ट्रिय विकास विभाग/नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम (DFID-NHSSP) को सहयोगमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रत्येक प्रदेशमा एक पर्ने गरी छनौटमा परेका सात नगरपालिकाहरूमा लर्निङ ल्याब पद्धति कार्यान्वयन गरिरहेको छ। यसो गर्नाको उद्देश्य कोही नछुट्ने गरी गुणस्तरीय सेवा प्रवाहमार्फत स्थानीय स्वास्थ्य सेवालाई थप मजबुत बनाउनु हो। स्थानीय स्वास्थ्य सेवाबाट सिक्ने र त्यस सिकाइलाई थप सरोकारवालाबिच विस्तार गर्नुका साथै उत्तम अभ्यासहरूलाई अन्य स्थानीय सरकारका एकाइहरूमा लागु गर्दै जानु यस पद्धतिको अर्को उद्देश्य हो। लर्निङ ल्याब पद्धति लागु गरिएका सात नगरपालिकाहरू हुन्: इटहरी उप-महानगरपालिका (प्रदेश १), धनगढीमाई गाउँपालिका (प्रदेश २), मध्यपुर ठिमी नगरपालिका (बाग्मती प्रदेश), पोखरा महानगरपालिका (गण्डकी प्रदेश), यशोधरा गाउँपालिका (प्रदेश ५), अजयमेरु गाउँपालिका (कर्णाली प्रदेश) र खर्पुनाथ गाउँपालिका (सुदूरपश्चिम प्रदेश)।

लर्निङ ल्याब पद्धतिको हिस्साका रूपमा नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली स्थानीय सरकारी स्वास्थ्य संस्थामा कार्यान्वयनमा ल्याउन नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रमले स्थानीय पालिकाहरूलाई प्राविधिक सहयोग उपलब्ध गराएको छ। नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली अनुसरण गर्दै स्वास्थ्य संस्थाहरूले सुधारका लागि कार्ययोजना तर्जुमा गरेका छन्। स्थानीय सरकार र सम्बन्धित स्वास्थ्य संस्थालाई तिनका कार्ययोजना कार्यान्वयन गर्न नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रमले सहयोग गर्नेछ। यस कार्य योजनामा ताजा नतिजा, मुद्दा/चुनौती तथा सिकाइको अभिलेखीकरण गर्ने व्यवस्था छ। यसले नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीलाई अन्यत्र विस्तार गर्न मार्गनिर्देशकको काम गर्नेछ।

# मुख्य नतिजा


## तथ्याङ्क सम्परीक्षण

तथ्याङ्क सम्परीक्षण विषयक्षेत्रमा सम्परीक्षणका लागि छनोटमा परेका सबै सूचकमा ९०-११० प्रतिशतसम्मको प्राप्ताङ्कलाई सटिक मानक अवस्था (Benchmark for Accuracy) मानिएको थियो। नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीको तथ्याङ्क सम्परीक्षण विषयक्षेत्रबाट प्राप्त नतिजाले आधाभन्दा बढी स्वास्थ्य संस्था उप-विषयक्षेत्र रजिस्टर र अनुगमन सिटबिचमा मानक अवस्था प्राप्त गर्न सक्षम रहेको देखाउँछ जबकि ४६.७ प्रतिशतदेखि १३.३ प्रतिशत स्वास्थ्य संस्थाले क्रमशः रजिस्टर र ट्यालीबिच तथा अनुगमन सिट र ट्यालीबिचमा सन्दर्भ बिन्दु (Point of Reference) छुन सकेका छन्।




## प्रणाली लेखाजोखा

प्रणाली लेखाजोखामा सरदरमा २.५ देखि ३ प्राप्ताङ्कलाई नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीमा मानक अवस्था मानिएको छ। प्रणाली लेखाजोखा विषयक्षेत्र नतिजाले ८० प्रतिशत स्वास्थ्य संस्थाहरूलाई तथ्याङ्क व्यवस्थापन प्रक्रियामा मानक अवस्था भेट्न सफल देखायो भने आधाभन्दा बढीले सूचक परिभाषाको उपलब्धतामा र रिपोर्ट गर्ने निर्देशिकामा मानक अवस्था प्राप्त गरे। यति हुँदाहुँदै पनि, निर्णय प्रक्रियामा तथ्याङ्कको उपयोग, अनुगमन तथा मूल्याङ्कन कार्य एवम् कार्यक्षमतामा अधिकतर स्वास्थ्य संस्थामा सुधारको आवश्यकता देखिन्छ।




[2] www.mohp.gov.np or www.rdqa.org

# मुख्य नतिजा

१. स्वास्थ्य संस्था प्रमुखको अनुपस्थितिमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली हेर्ने जिम्मेवारी दिइएका कर्मचारीले औपचारिक तालिम लिएको पाइएन। त्यसकारण, प्रमुखको अनुपस्थितिमा भएको अभिलेखीकरण तथा रिपोर्ट गरिएका तथ्याङ्क भरपर्दा देखिँदैनन्।
२. अधिकतर तालिममा साधारणतः स्वास्थ्य संस्था प्रमुख नै सहभागी हुने भएकाले अन्य कर्मचारीले सिक्ने अवसर नपाउने देखिन्छ। परिणामस्वरूप स्वास्थ्य व्यवस्थापन तथा सूचना प्रणाली/ई-रिपोर्टिङमा तालिम प्राप्त कर्मचारीको सरुवा भएको अवस्थामा निजको काम सम्पादन गर्न बाँकी कर्मचारी असमर्थ देखिन्छन्।
३. स्वास्थ्य संस्थामा रजिस्टरहरूको प्रयोग गराइमा एकरूपता नपाइनाले सटिक भएता पनि त्यहाँ प्राप्त तथ्याङ्क भरपर्दा लाग्दैनन्।

### सन्दर्भ १

परिवार नियोजनका साधन प्रयोगमा अनियमित हुने (Defaulter) को परिभाषामा एकरूपता पाइँदैन। कुनै स्वास्थ्य संस्थामा भनिएको समयमा उपस्थित नहुने सेवाग्राहीलाई 'अनियमित' घोषित गरिएको छ भने कुनै संस्थामा चार हप्तासम्म नआए मात्रै 'अनियमित' घोषित गरेको देखिन्छ।

### सन्दर्भ २

वृद्धि अनुगमन (Growth Monitoring) मा 'नयाँ सेवाग्राही' को परिभाषामा पनि एकरूपता देखिएन। पहिले अन्य संस्थामा वृद्धि अनुगमन गराएका सेवाग्राहीले पनि नयाँ संस्थामा आउँदा 'नयाँ सेवाग्राही' को दर्जा पाएको देखियो भने कुनै संस्थामा पहिलो पटक वृद्धि अनुगमन सेवा लिनेलाई मात्रै 'नयाँ सेवाग्राही' मानिएको पाइयो।

४. स्वास्थ्य संस्थामा माथिल्लो निकायबाट सहजीकरणयुक्त सुपरीवेक्षण गर्ने अभ्यास अत्यन्त न्यून देखिन्छ।
५. ई-रिपोर्टिङको तालिम लिएका कति कर्मचारीले आफू कार्यरत संस्थामा इन्टरनेट अभावका कारण जानेको कुरा पनि अभ्यासमा ल्याउन पाएका छैनन्।
६. स्वास्थ्यकर्मीमा कम्प्युटर चलाउने दक्षताको कमीका कारण सूचना प्रविधि सञ्जालमा आधारित (web-based) नियमित तथ्याङ्कीय गुणस्तर लेखाजोखा अभ्यासमा चुनौती देखिन्छ।

# अबको लिनुपर्ने बाटो

१. स्थानीय सरकारले सबै स्वास्थ्यकर्मीका लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको तालिम सुनिश्चित गर्नुपर्दछ।

२. कम्प्युटर तथा इन्टरनेट जडित स्वास्थ्य संस्थामा स्थानीय सरकारले पावर ब्याकअप उपलब्ध गराउनु पर्दछ जसले गर्दा ई-रिपोर्टिङ तथा नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली सधैं गर्न सकियोस्।

३. ई-रिपोर्टिङ तथा नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली कार्यान्वयनका लागि सबै स्वास्थ्यकर्मीलाई आधारभूत कम्प्युटर तालिम दिइनुपर्दछ।

४. इन्टरनेट नभएका वा त्यस्तो सेवा अनियमित हुने संस्थामा MS-Excel©-based नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली औजार उपयुक्त हुन सक्दछ किनभने यसमा इन्टरनेट आवश्यक पर्दैन।

५. नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीको अभ्यासलाई सबै स्वास्थ्य संस्थामा औपचारिक रूपमा अनिवार्य गरिनुपर्दछ। स्थानीय तह स्वास्थ्य एकाइलाई यो जिम्मेवारी दिइयो भने त्यहाँबाट मातहतका सबै संस्थामा परिपत्र हुन्छ। यसका साथमा माथिल्लो निकायबाट आवधिक सुपरीवेक्षण व्यवस्था उल्लेख भएको कार्यान्वयन विधि संलग्न गरिनुपर्दछ।

६. माथिल्लो तहबाट बाक्लै सहजीकरणयुक्त सुपरीक्षण भ्रमण गरिनुपर्दछ जसले गर्दा संस्थामा नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली अभ्यास र अनुगमन होस्। यसलाई नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली पद्धतिले नियमितता प्राप्त गरुन्जेल जारी राख्नुपर्दछ। स्वास्थ्य संस्थाका लागि सूचना प्रविधि सहयोग हरदम तयारी अवस्थामा राखिनुपर्छ।

७. तथ्याङ्कको गुणस्तर वृद्धिका लागि निर्णय प्रक्रियामा तथ्याङ्कको उपयोग, अभिलेखीकरण एवं रिपोर्टिङमा हुने भाषागत त्रुटि, निर्देशिका तथा औजारको उपलब्धता, अनुगमन तथा मूल्याङ्कन संरचनाको सक्रियता जस्ता क्षेत्रलाई सबै तहका सरकारले आफ्ना कार्यक्रममा प्राथमिकतामा राख्नुपर्दछ।

८. सरकारी छात्रवृत्तिमा पढेर अनिवार्य सेवा अन्तर्गत सरकारी स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अफिसरहरूलाई स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली सम्बन्धमा तालिम दिएर तिनको क्षमता अभिवृद्धि गर्नुपर्दछ। उनीहरूका हकमा क्षमता अभिवृद्धिले महत्त्व राख्दछ किनभने सरकारले नियुक्त गरेका अधिकृतहरूको अनुपस्थितिमा समेत उनीहरूले स्वास्थ्य संस्था सञ्चालनमा ल्याउनुपर्दछ।

९. संस्थामा स्वास्थ्यकर्मीको पदस्थापनले लर्निङ ल्याब लागु भएका संस्थामा नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीको नतिजालाई प्रभाव पार्दछ। त्यसैले नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणालीसम्बन्धी तालिमप्राप्त स्वास्थ्यकर्मीको सरुवा गर्दा सावधानी अपनाउनु पर्दछ। यसले नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली कार्यान्वयनमा प्रभाव पार्दछ।

अमुल्य सल्लाह तथा सुझावहरुको लागि स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, एकिकृत स्वास्थ्य सूचना व्यावस्थापन शाखा, नीति योजना तथा अनुगमन महाशाखा, अनुगमन तथा मूल्याङ्कन शाखा प्रति आभारी छौं।

NHSSP Nepal Health Sector Support Programme
UKaid from the British people